# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल

## ढुंगा गिटी वालुवाको निकासी कर संकलनको लागि सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :-२०७५/४/२८**

फलेवास नगरपालिका पर्वतको तेस्रो नगरसभा तथा फलेवास नगरकार्यपालिकाको मिति २०७५ श्रावण २० गतेको को निर्णय अनुसार यस नगरपालिका क्षेत्रभित्रका खोला नदीहरुबाट आ.व. ०७५/७६ मा मिति २०७५ भाद्र १५ गतेदेखि तपसिल वमोजिमका स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा, रोडा, दहत्तर वहत्तर आदिको विक्रि मुल्य तथा निकासी कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुलाई तपसिल वमोजिमका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन १५ दिने सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१ दरभाउपत्र फाराम तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) छुट्टाछुट्टै तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२ सिलवन्दी दरभाउपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म पेश गरिसक्नु पर्ने र सोही दिनको दिउँसो २:०० बजे फलेवास नगरकार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वतमा दरभाउपत्र खोलिने छ ।

३ दरभाउपत्र साथ आफूले कवोल गरेको अङ्कको ५% धरौटी फलेवास नगरपालिकाको नेपाल बैंक लिमिटेड, कुश्मा, पर्वतमा रहेको धरौटी खाता नं.०६६०३००००००००३००००४ जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ । साथै क श्रेणीको बैंक ग्यारेन्टी र नगरकार्यपालिकाको कार्यालयमा नगद रकम बुझाएको नगदी रसीदलाई समेत मान्यता दिइने छ ।

४ कवोल रकम बढिमा तीन किस्ता (पहिलो किस्ता ४०%, दोस्रो ३०% र तेस्रो ३०% गरी बुझाउन सकिनेछ । पहिले नै एकमुष्ट बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १०% रकम कमगरी बुझाउन सकिनेछ ।

५ कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

६ दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व प्रथम किस्ता बापत ४०% रकम दाखिला गर्नुपर्नेछ । अन्य किस्ताको धितो वापत बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बनाई पेश गर्नु पर्नेछ । परफरमेन्स वण्डको म्याद २०७६ श्रावण मसान्तसम्मको हुनु पर्नेछ ।

७ विक्रि एवं निकासी करको दर प्रति क्यूविक फिट रु.४।५० (चाररुपैया पैसा पचास मात्र) हुनेछ तर प्रदेशले निर्धारण गरेको दर फरक परेमा पछि समायोजन हुन सक्नेछ ।

८ रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९ नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

१० दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११ उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा लेखा शाखाबाट उपलब्ध गराइनेछ ।

१२ नियमानुसार असार १ देखि भाद्र १५ गतेसम्म उत्खनन र संकलन कार्य गर्नपाइने छैन, ठेक्काका अन्य शर्तहरू सम्झौतामा निर्धारण गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

१३ अन्य कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

१४ यस सूचनामा उल्लेखित दरभाउपत्र यस कार्यालयबाट खरिद तथा दर्ता गर्न सकिने छ ।

१५ कुनै पनि इच्छुक बोलपत्रदाताले एक भन्दा बढि दरभाउ पत्र पेश गर्न सक्नेछ तर छुट्टै ठेक्काको लागि छुट्टाछुट्टै अंक कबोल गर्नुपर्नेछ ।

१६ दरभाउपत्रदाताले पेश गर्नुपर्ने कागजातहरु:-
- फर्म दर्ता प्रमाणपत्र, र फर्म नविकरण प्रमाणपत्र
- स्थायी लेखा नं. प्यान तथा भ्याट दर्ता प्रमाणपत्र
- आ.व. २०७३/०७४ कर चुक्ता प्रमाणपत्र

**तपसिल**

| क्र.स. | ठेक्का नं. | खानी, वगर तथा नदी क्षेत्र | न्यूनतम कवोल अंक | फर्म दस्तुर |
|---|---|---|---|---|
| १. | १।०७५।७६ | राहाले भसालचौर जैमिनीघाट वगरक्षेत्र, पर्वत बहुमुखि क्याम्पस पछाडिको कालीगण्डकी नदीको वगरक्षेत्र,फनपा ६ र मोदीवेणी कालीगण्डकी र मोदी नदीको वगर क्षेत्र, फनपा ४ । | ९५००००। -(नौलाख पचासहजार) (भ्याटवाहेक) | रु.१००० |
| २. | २।०७५।७६ | श्रीकाङ्ग छेस्लाङ्ग वल्लो पल्लो कालीगण्डकी वगर र कुर्घा कालीगण्डकी वगर ( फनपा १०,११) । | ९,९९,०००।(नौलाख उनान्सयहजार) (भ्याट वाहेक) | रु.१००० |

फलेवास नगरकार्यपालिकाको कार्यालय, पर्वत